# सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड

का.म.न.पा.वडा नं.-४,बालुवाटार, काठमाण्डौ
फोन नं. १-४५१३२१२,
Email: email.synergy@gmail.com, Web: www.synergyhydro.com


## वार्षिक साधारण सभाको
## निर्णय (माइन्युट)

**पृष्ठभूमी:**

यस सिनर्जी पावर डेभलपमेन्ट लिमिटेडको १८औं (आ.व.२०८०/०८१) वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री इन्द्र बहादुर थापाको अध्यक्षतामा मिति २०८१/०९/२९ गते (तद्अनुसार १३ जनवरी, २०२५) सोमबार बिहान १०:०० बजे देखि ११:३० बजेसम्म ताज रिसेप्सन,बालुवाटार, काठमाण्डौको सभा हलमा बसी सम्पन्न भएको थियो ।

कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष, सञ्चालक, गौरीशंकर गाउँपालिका वडा नं. ९ का वडाध्यक्ष तथा शेयरधनी र आगन्तुक पाहुनाहरूलाई स्वागत गरी उपस्थित अध्यक्ष तथा सञ्चालकलाई मञ्चमा आशन ग्रहण गराउनुका साथै नियामक निकायका सहभागी प्रतिनिधी, कम्पनीका कर्मचारी, विभिन्न मिडियाका पत्रकार र सम्पूर्ण पाहुनाहरूलाई यथास्थानमा आसनग्रहण गराउनु भएको थियो । सञ्चालक समितिका अध्यक्ष श्री इन्द्र बहादुर थापाले पानसमा बत्ती बालेर कम्पनीको १८औं वार्षिक साधारण सभाको समुद्घाटन गर्दै आफ्नो लिखित मन्तव्यबाट सहभागी सबैलाई स्वागत तथा अभिवादन व्यक्त गर्नु भएको थियो ।

**१. सभा सम्बन्धी सूचना र प्रकाशन:**

१८औं वार्षिक साधारण सभाको सूचना तथा छलफल हुने प्रस्तावहरूको जानकारी मिति २०८१/०९/०८ गते र मिति २०८१/०९/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको थियो । नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाइट तथा कम्पनीको वेबसाइटमा साधारणसभा सम्बन्धी सूचना राखिएको थियो । सधारण सभा सम्बन्धी सूचना, वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको वार्षिक प्रतिवेदन कम्पनीको सूचना पाटी तथा कम्पनीको वेभ साइट www.synergyhydro.com मा पनि राखिएको थियो ।

**२.उपस्थिति**

**(क) सञ्चालक तथा पदाधिकारीहरू:**

१. श्री इन्द्र बहादुर थापा – अध्यक्ष
२. श्री सुरेन्द्र बहादुर खड्का – प्रबन्ध सञ्चालक
३. श्री अरुण सिंह बस्नेत – सञ्चालक
४. श्री प्रकाश कुमार अधिकारी – सञ्चालक
५. श्री गोपाल प्रसाद आचार्य – सञ्चालक
६. श्री निरु के.सी.कार्की – सञ्चालक
७. श्री ध्रुवराज शर्मा – कम्पनी सचिव

SYNERGY POWER DEVELOPMENT LIMITED
सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड

(ख) कर्मचारीहरू:

| | | |
|---|---|---|
| १. निर्मल सिल्वाल | – | प्लान्ट म्यानेजर |
| २. श्री सुजन चन्द्र पौडेल | – | लेखा तथा प्रशासन प्रमुख |
| ३. श्री तारानाथ भट्टराई | – | प्रशासकीय अधिकृत |
| ४. श्री अम्बिका कुमारी पौडेल | – | लेखापाल |

(ग) विभिन्न निकायका प्रतिनिधिहरू:

| | | |
|---|---|---|
| १. श्री डिमगेली शेर्पा | – | वडाध्यक्ष, वडा नं. ९ गौरीशंकर गा.पा. तथा शेयरधनी प्रतिनिधी, गौरीशंकर गाउँपालिका, दोलखा । |
| २. सिए श्री शैलेन्द्र उप्रेती | – | आन्तरिक लेखापरिक्षक । |
| ३. श्री अनुप आचार्य | – | ग्लोबल आइएमई क्यापिटल लि. (प्रतिनिधी) |
| ४. श्री मीरा खड्का | – | ग्लोबल आइएमई क्यापिटल लि. (प्रतिनिधी) |

(घ) शेयरधनीहरू:

१. स्वयं उपस्थित: ६१ जना
२. प्रोक्सी: ९४४ जना

३. सभाको गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रोक्सी | जम्मा | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी सख्या | ७०,७०० जना | ६१ | ९४४ | १००५ | ०.०१४ |
| कम्पनीको शेयर संख्या | १,२०,९८,६२५ कित्ता | ६,९७,०१८.९९ | ६०,४५,५५५.०३ | ६७,४२,५७४.०२ | ५५.७३ |

४. सभाको बैधानिकता:

कम्पनी ऐन, २०६३ को दफा ६७ को (२) बमोजिम सुचना प्रकाशन गरी बोलाएको साधारण सभामा सोही ऐनको दफा ७३ को (२) बमोजिम गणपूरक संख्या पुगेको र दफा ६९ बमोजिम बैधानिक रहेको घोषणा गरी साधारण सभा सञ्चालनको लागि सभा रीत पूर्वक बोलाइएको र गणपूरक संख्या पुगेको ठहर गरी सभाध्यक्षबाट सभाको कारवाही अगाडि बढाउन अनुमति प्राप्त भयो ।

साधारण सभामा निम्न लिखित विषय सूचिहरूमा विस्तृत छलफल गरी निर्णय गर्न प्रस्ताव पेश गरिएको थियो ।

५. छलफलका लागि प्रस्तावित विषयहरु:

१. सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८०/०८१ को वार्षिक आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व.२०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन र सोही आ.व.को वार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित अनुसूचिहरु स्वीकृत गर्ने सम्बन्धमा ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारीश्रमिक तोक्ने सम्बन्धमा । ( वर्तमान लेखापरीक्षक पीवाईसी एण्ड एसोसियट्सका साझेदार यज्ञराज भट्ट, चार्टर्ड एकाउन्टेन्स् पुन: नियुक्तिका लागि योग्य हुनुहुन्छ ।
४. विविध ।

६.सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल:

SYNERGY POWER DEVELOPMENT LIMITED

सञ्चालक समितिका अध्यक्ष श्री इन्द्र बहादुर थापाले लिखित मन्तव्य सहित सञ्चालक समितिकोतर्फबाट आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । साधारण सभामा प्रस्तुत प्रस्तावहरू उपर निम्न लिखित शेयरधनीहरूले साधारण सभाको सफलता र प्रगतिका निम्ति शुभकामना र सुझाव दिनु भएको थियो ।

क. **श्री अमीर दास रञ्जित, शेयरधनी:** कम्पनीको वार्षिक साधारण सभा अलि अगाडी गर्न र आगामी वर्षदेखि शेयरधनीलाई उचित प्रतिफल दिन सुझाव दिनु भयो ।

ख. **श्री चन्द नारायण श्रेष्ठ, शेयरधनी:** विगत वर्षमा जस्तै यस वर्ष पनि कम्पनीले लाभांश दिन नसकेकोमा दुख व्यक्त गर्दै आगामी वर्ष प्रतिफल दिनेमा विश्वास व्यक्त गर्नु भयो ।

ग. **श्री निरुपमा गुप्ता, शेयरधनी:** कम्पनीलाई प्रगतिपथमा लैजानको लागि भावि रणनीति, योजना र Investment Policy को बारेमा पनि वार्षिक प्रतिवेदनमा उल्लेख गर्नु पर्ने सुझाव दिनु भयो ।

घ. **श्री सुदिप श्रेष्ठ, शेयरधनी:** शेयरधनीलाई लाभांश दिन र नयाँ आयोजनामा लगानी विस्तार गर्न सुझाव दिनु भयो ।

ङ. **श्री ब्रम्हदेव शाक्य, शेयरधनी:** यस आयोजनाले आगामी वर्ष पिपिपि मोडेलमा प्रशारण लाइन निर्माण गर्न सक्ने हुँदा त्यसतर्फ कार्य गर्न सुझाव दिनु भयो ।

च. **श्री लक्ष्मण श्रेष्ठ, शेयरधनी:** आगामी साधारण सभा प्रथम त्रैमासिकमा गर्न सुझाव दिनु भयो ।

छ. **श्री शत्रुधन श्रेष्ठ, शेयरधनी** : आगामी दिनमा कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

शेयरधनीहरूले दिएका उल्लेखित सुझाव तथा जिज्ञासाका बारेमा सभाका अध्यक्ष श्री इन्द्र बहादुर थापाज्यूले विस्तृत जवाफ दिनु भयो साथै प्राप्त राय सुझावहरूलाई आगामी दिनमा लागू गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

७. सभाबाट पारित निर्णयहरू:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु भएको आ.व.२०८०/०८१ को वार्षिक आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गरियोस भनी सभामा पेश हुँदा सर्वसम्मतिबाट पारित भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/०८१ को वार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित अनुसूचीहरू स्वीकृत गर्न सभामा पेश भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३.कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०८१/०८२ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक PYC & Associates, Chartered Accountants का साझेदार लेखापरीक्षक श्री यज्ञराज भट्टज्यूलाई नियुक्त गर्ने र निजलाई पारीश्रमिक रु.२,८२,५००/ (दुईलाख बयासी हजार पाँच सय) दिने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

विविध प्रस्तावमा निर्णय गर्न केही नभएको हुँदा अध्यक्षज्यूले वार्षिक साधारण सभाको कार्यक्रम सम्पन्न भएको घोषणा गर्नु भयो ।

..............................
ध्रुवराज शर्मा
(कम्पनी सचिव)

..............................
इन्द्र बहादुर थापा
(अध्यक्ष)